वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ४३ २०८३ जेठ १९ गते मंगलबार, नेपाल सम्वत् ११४६ June 02, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-



वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ

bhanjyangnews.com भञ्ज्याङ

निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी

सत्य, तथ्य, खोजमूलक समाचारको अग्रदूत "विश्वसनीय समाचार, तपाईंको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

वेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस ! हामी तपाईंलाई निष्पक्ष, सत्य, तथ्य, खोजमूलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि. दमौली, तनहुँ । फोन : ०६५-५६३०७० Email : bhanjyangdml@gmail.com

विश्वसनीय र निष्पक्ष | खोजमूलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह




**ग्रामीण जीवनशैली** : तनहुँको बन्दीपुर गाउँपालिका-३ रामकोटकी एक महिला कुटानीपिसानीका लागि धान निफान्दै । ग्रामीण क्षेत्रका किसानहरूले उत्पादन पश्चात भण्डारण गरी राखेको धान, कोदो लगायतका खाद्यवस्तु कुटानीपिसानी गर्नुपूर्व सुकाएर नाङ्लोको सहायताले निफानेर सफा गर्ने गरिन्छ । *तस्विर : भञ्ज्याङ*

# चियाबारीको हरियालीमा फक्रिंदै ल्वाङको पर्यटन

**प्रदीपराज वन्त/कास्की**

डाँडाभरि फैलिएको हरियो चियाबारी, पृष्ठभूमिमा टल्किरहेका अन्नपूर्ण र माछापुच्छ्रे हिमाल, वरिपरि छरिएका परम्परागत गुरूङ बस्ती र शान्त ग्रामीण परिवेश । यी सबै दृश्य एकै ठाउँमा देख्न पाइन्छ कास्कीको ल्वाङ गाउँमा। पछिल्ला वर्षहरूमा यही चियाबारी ल्वाङको पहिचान मात्र होइन, पर्यटन विकासको मुख्य आधार बनेको छ। पोखरा महानगरपालिका–२५ हेम्जाबाट खानेपानी, भेडाबारी र खोलामुख हुँदै ल्वाङ गाउँ पुग्न सकिन्छ । पदयात्रा गर्नेहरूका लागि मर्दी खोलाको किनारैकिनार वनपाखा र भिर हुँदै करिब चार घण्टाको रमणीय यात्रा तय गर्न सकिन्छ ।

गाउँको माथिल्लो भागमा फैलिएको करिब एक हजार २०० रोपनी क्षेत्रफलको चियाखेतीले यहाँ पुग्ने जो–कोहीलाई पहिलो नजरमै आकर्षित गर्छ। हरियाली चियाका बोटबीचबाट देखिने हिमाली दृश्य र प्राकृतिक शान्त वातावरणले आगन्तुकलाई लामो समयसम्म त्यहीँ रमाउन बाध्य बनाउँछ ।

स्थानीयवासीका अनुसार ल्वाङको चियाबारीले पूर्वी नेपालको इलामको झल्को दिन्छ । तर, यहाँको चियाबारी केही विशेष पनि छ। ल्वाङमा चियाबारीसँगै अन्नपूर्ण र माछापुच्छ्रे हिमालको दृश्य पनि एकैसाथ अवलोकन गर्न सकिन्छ। यही विशेषताले ल्वाङलाई अन्य ग्रामीण पर्यटन गन्तव्यभन्दा फरक पहिचान दिएको छ ।

यहाँ उत्पादन हुने चिया विदेशसम्म निर्यात हुँदै आएको छ। चियाखेतीले स्थानीयलाई रोजगारी र आम्दानीको स्रोत प्रदान गरेको छभने पर्यटकका लागि नयाँ आकर्षण थपेको छ । विशेषगरी युवापुस्ताले सामाजिक सञ्जालमा चियाबारीका तस्बिर र भिडियो सार्वजनिक गर्न थालेपछि ल्वाङको लोकप्रियता अझ बढेको स्थानीयवासी बताउँछन् ।

ल्वाङको पर्यटन केवल चियाबारीमा सीमित छैन । गाउँमा पुग्ने पर्यटकले गुरूङ समुदायको संस्कृति, परम्परा र जीवनशैलीलाई नजिकबाट अनुभव गर्न पाउँछन् । परम्परागत घर, स्थानीय वेशभूषा, सांस्कृतिक प्रस्तुति र आत्मीय आतिथ्यले यहाँको बसाइलाई थप स्मरणीय बनाउने गरेको छ ।

गाउँमा सञ्चालन भइरहेको घरबास (होमस्टे) कार्यक्रमले पनि पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ । विसं २०६७ मा सात घरबाट सुरू भएको घरबास सेवा अहिले २६ घरमा विस्तार भइसकेको




बाँकी तेश्रो पेजमा

# उत्पादनमा आधारित दुग्ध अनुदानमा २१ लाखभन्दा बढी वितरण

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको आँबुखैरेनी गाउँपालिकाले सञ्चालन गर्दै आएको 'उत्पादनमा आधारित दुग्ध अनुदान कार्यक्रम' अन्तर्गत चालु आर्थिक वर्षको पहिलो र दोस्रो चौमासिक अवधिमा दुग्ध उत्पादक कृषकहरूलाई रू. २१ लाखभन्दा बढी अनुदान वितरण गरेको छ ।

गाउँपालिकाका अनुसार उक्त अवधिमा पालिकाभित्र कुल ३ लाख ५९ हजार १९० दशमलव ४ लिटर दूध उत्पादन भएको थियो । सोही उत्पादनका आधारमा कृषकहरूलाई प्रति लिटर रू. ६ का दरले कुल रू. २१ लाख ५५ हजार १४२ दशमलव ४० अनुदान उपलब्ध गराइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताए ।

उनले भने, 'पालिकाले दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रममार्फत स्थानीय कृषकहरूलाई व्यावसायिक पशुपालनतर्फ आकर्षित गर्दै उत्पादन वृद्धि र आयआर्जनमा सहयोग पुर्‍याउने उद्देश्य राखेको छ ।'



गाउँपालिकाले दुग्ध उत्पादन वृद्धि, कृषकको आर्थिक सुदृढीकरण तथा स्थानीय अर्थतन्त्रको विकासमा योगदान पुर्‍याउने कृषकप्रति सम्मान व्यक्त गर्दै आगामी दिनमा समेत यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# भिमादमा दुग्धवर्धक जडीबुटी तथा आयुर्वेदिक औषधि प्रवर्द्धन कार्यक्रम

**भञ्ज्याङ समाचारदाता/भिमाद**

प्रदेश आयुर्वेद चिकित्सालय दमौलीले तनहुँको भिमादमा स्तनपान गराउने आमाहरूको मातृ–शिशु स्वास्थ्य सुरक्षालाई लक्षित गर्दै "दुग्धवर्धक जडीबुटी तथा आयुर्वेदिक औषधि प्रवर्द्धन कार्यक्रम" सम्पन्न भएको छ ।

भिमाद नगरपालिकामा



सोमबारआयोजित कार्यक्रममा प्रदेश आयुर्वेद चिकित्सालयका प्रमुख डा. नारायण श्रेष्ठले स्तनपान गराउने आमाहरूमा दूध उत्पादन वृद्धि, आमा तथा शिशुको पोषण सुधार र स्वास्थ्य सुरक्षामा आयुर्वेदिक जडीबुटी तथा औषधिको महत्वबारे जानकारी गराएका थिए ।

उक्त कार्यक्रममा वरिष्ठ कविराज निरीक्षक शम्भु चापागाईंले "मातृ–शिशु स्वास्थ्य सुरक्षार्थ दुग्धवर्धक जडीबुटी तथा आयुर्वेदिक औषधि" विषयक कार्यपत्र प्रस्तुत गरेका थिए । उनले स्तनपान गराउने आमाहरूका लागि उपयोगी आयुर्वेदिक जडीबुटी, दुग्धवर्धक औषधि तथा स्वस्थ जीवनशैलीका विषयमा सहजिकरण समेत गरेका थिए ।

उनले मातृ तथा शिशुको स्वास्थ्य संरक्षणमा आयुर्वेदिक उपचार पद्धति, पोषणयुक्त आहार तथा प्राकृतिक जीवनशैलीको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरे। कार्यक्रममा स्तनपानको महत्व, सन्तुलित आहार तथा आयुर्वेदिक औषधिको सही प्रयोगबारे समेत जानकारी गराइएको थियो ।

कविराज निरीक्षक सोमकान्त पौडेलले सहजिकरण गरेको कार्यक्रममा सहभागी स्वास्थ्यकर्मी,

बाँकी अन्तिम पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# कृषि र पर्यटनको समन्वय: ग्रामीण समृद्धिको आधार

कृषि र पर्यटन दुवै नेपालको ग्रामीण अर्थतन्त्रका महत्वपूर्ण आधार हुन् । यी दुई क्षेत्रलाई अलग-अलग रूपमा होइन, एकीकृत रूपमा विकास गर्न सके ग्रामीण जीवनमा उल्लेखनीय परिवर्तन ल्याउन सकिन्छ । तर व्यवहारमा हेर्दा यी दुई क्षेत्रबीच अपेक्षित समन्वय अझै स्थापित हुन सकेको देखिँदैन । परिणामस्वरूप गाउँघरमा कृषि उत्पादन कमजोर छ भने पर्यटन पनि केवल अवलोकनमै सीमित हुने अवस्था रहेको छ । पर्यटनको मूल सिद्धान्त अनुसार कुनै पनि पर्यटक गन्तव्यमा पुगेपछि उसले केही न केही खर्च गर्छ । खर्च नगरी फर्कने व्यक्ति पर्यटक होइन, केवल अवलोकनकर्ता मात्र मानिन्छ । तर हाम्रो ग्रामीण पर्यटन संरचनामा पर्यटकले खर्च गर्ने वातावरण नै निर्माण हुन सकेको छैन । उदाहरणका रूपमा दाङको बंगलाचुली र छिल्लीकोट क्षेत्रमा भ्युटावर बने पनि त्यहाँ पर्यटकलाई आवश्यक पर्ने चिया-नास्ता, स्थानीय उत्पादन खरिद वा सेवा सुविधा उपलब्ध छैन । यस्तो अवस्थामा पर्यटनको आर्थिक प्रभाव सीमित हुन्छ । यही ठाउँमा कृषि र पर्यटनको समन्वय आवश्यक हुन्छ । गाउँमा उत्पादन हुने कृषि उपज, घरेलु उत्पादन र स्थानीय सेवा पर्यटनसँग जोड्न सकियो भने पर्यटकको खर्च गाउँमै रहने वातावरण सिर्जना हुन्छ । यसले स्थानीय आय वृद्धि मात्र होइन, रोजगारीका अवसर पनि बढाउँछ । कृषि उत्पादनलाई पर्यटनसँग जोड्ने अवधारणालाई नै "कृषि पर्यटन" भनिन्छ, जुन ग्रामीण विकासको प्रभावकारी माध्यम हो ।

तर वर्तमान अवस्थामा कृषि क्षेत्र आफैं संकटग्रस्त देखिन्छ । धेरै कृषकहरू कृषि पेशाप्रति उत्साहित छैनन् । खेतीयोग्य जमिन बाँझो छ भने कृषि पेशालाई बाध्यात्मक पेशा रूपमा लिइएको छ । जमिन भएका किसानहरू पनि लगानी नउठ्ने डरले खेती छोडिरहेका छन् । जमिन नभएकाहरू वैकल्पिक रोजगारीतर्फ आकर्षित छन् । युवा पुस्तामा त कृषि पेशाप्रति रूचि घट्दै गएको छ । कृषकसँग आधुनिक कृषि उपकरण, गुणस्तरीय बीउ र मलको अभाव छ । अझ दुःखद पक्ष के छ भने कृषि ज्ञान केन्द्र वा स्थानीय कृषि शाखामा अनुदान कार्यक्रम भए पनि वास्तविक किसानको पहुँच सीमित छ । पहुँच र प्रभावका आधारमा अनुदान वितरण हुँदा वास्तविक श्रम गर्ने किसानहरू लाभबाट वञ्चित हुन्छन् । कतिपय अवस्थामा अनुदानमा प्राप्त उपकरणहरू नै बेचबिखन हुने घटना समेत देखिन्छ, जसले कृषि प्रणालीप्रति अविश्वास बढाएको छ । गाउँमा प्राविधिक सेवा पर्याप्त छैन । उत्पादन भए पनि बजारको समस्या छ । किन्ने बजार भए पनि बेच्ने संरचना कमजोर छ । यसले कृषि पेशालाई अझ कठिन बनाएको छ। परिणामस्वरूप वैदेशिक रोजगारी ग्रामीण युवाको प्रमुख विकल्प बनेको छ । विदेशबाट फर्किएका युवा वा सहरमा बसोबास गरिरहेका परिवारलाई पुनः गाउँ फर्काउने वातावरण अझै तयार हुन सकेको छैन ।

नेपाल कृषि प्रधान देश भए पनि धेरै वस्तुहरू आयातमा निर्भर छन् । तरकारी, फलफूलदेखि दैनिक उपभोगका सामग्रीसम्म परनिर्भरता बढ्दो छ । यसले ग्रामीण अर्थतन्त्र कमजोर बनाउँदै लगेको छ । यस्तो अवस्थामा कृषि पर्यटनको अवधारणा केवल नारा होइन, व्यवहारिक आवश्यकता हो । कृषि पर्यटन विकास गर्नका लागि सबैभन्दा पहिले उत्पादनमा आधारित योजना आवश्यक हुन्छ । प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रको माटो, जलवायु र सम्भावनाका आधारमा पकेट क्षेत्र निर्धारण गर्नुपर्छ। धान, मकै, गहुँ मात्र होइन, नगदेबाली, फलफूल तथा अर्गानिक उत्पादनलाई प्राथमिकता दिनुपर्छ । ड्रागन फ्रुट, एभोकाडो, कागती, केरा, आँप जस्ता उच्च मूल्यका बालीहरूलाई व्यावसायिक रूपमा विकास गर्न सकिन्छ । जब उत्पादन हुन्छ, तब पर्यटक आकर्षित हुन्छन् । पर्यटक केवल दृश्य हेर्न होइन, अनुभव र उपभोगका लागि पनि आउँछन् । गाउँमै उत्पादित वस्तु किन्ने, खाने र अनुभव गर्ने अवसर सिर्जना गर्न सकियो भने कृषि र पर्यटन दुवै क्षेत्र बलियो बन्छन् ।

कृषि पर्यटनको अर्को महत्वपूर्ण पक्ष हो होमस्टे र फार्मस्टे विकास । पर्यटकलाई गाउँमै बस्ने, स्थानीय खाना खाने र कृषकसँग प्रत्यक्ष सम्पर्कमा रहने अवसर दिन सकियो भने उनीहरूको अनुभव स्मरणीय हुन्छ । यसले स्थानीय संस्कृति, परम्परा र सामाजिक सद्भाव पनि मजबुत बनाउँछ । त्यस्तै, कृषि शिक्षासँग पर्यटनलाई जोड्दा शहरका विद्यार्थीहरूलाई गाउँमा ल्याएर कृषि प्रणाली, पशुपालन, जैविक खेती र ग्रामीण जीवनशैली बुझाउने अवसर प्रदान गर्न सकिन्छ । यसले नयाँ पुस्तामा कृषिप्रति रूचि बढाउँछ । तर यी सबै सम्भावनालाई व्यवहारमा रूपान्तरण गर्न नीति, योजना र संरचना आवश्यक हुन्छ । भू-उपयोग नीति, जग्गा एकीकरण, बाँझो जमिनको उपयोग, लिज प्रणाली, कृषि बीमा तथा सुलभ ऋण सुविधा जस्ता व्यवस्था प्रभावकारी रूपमा लागू गर्नुपर्छ । साथै कृषि क्षेत्रलाई सम्मानजनक पेशा बनाउने वातावरण राज्यले निर्माण गर्नुपर्छ । कृषि पर्यटन केवल आर्थिक विकासको माध्यम होइन, सामाजिक रूपान्तरणको आधार पनि हो । यसले ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्छ, बसाइँसराइ रोक्छ र स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउँछ । कृषि र पर्यटनको समन्वयले मात्र गाउँलाई आत्मनिर्भर, समृद्ध र जीवन्त बनाउन सकिन्छ । अन्ततः, कृषि पर्यटनको विकास भनेको केवल योजना होइन, समग्र ग्रामीण जीवनशैलीको पुनर्संरचना हो । अब समय आएको छ- नीति, कार्यक्रम र व्यवहार सबै तहमा कृषि र पर्यटनलाई एकीकृत गर्दै ग्रामीण समृद्धिको नयाँ मार्ग निर्माण गर्ने ।

# जिब्रो लर्कियो वा भावना झल्कियो ?

सुरेशकुमार पाण्डे



नेपाल दुई ठूला शक्तिशाली राष्ट्र चीन र भारतको बीचमा रहेको सानो तर सार्वभौम देश हो । भूराजनीतिक हिसाबले संवेदनशील अवस्थिति भएकाले नेपालले आफ्नो कूटनीतिक सन्तुलन जोगाउन सधैं सजग रहनुपर्छ । राष्ट्रियता, सीमा र सार्वभौमिकता जस्ता विषयमा सरकारको धारणा स्पष्ट, सन्तुलित र आत्मविश्वासी हुनुपर्छ । अन्यथा गलत सन्देशले अन्तर्राष्ट्रिय रुपमा समेत असर पार्न सक्छ ।

प्रधानमन्त्रीको संसद् सम्बोधन यतिबेला राष्ट्रिय बहसको केन्द्र बनेको छ । विगतमा संसद्मा पर्याप्त बोल्दैनन् भन्ने आलोचना खेपिरहेका प्रधानमन्त्रीले यसपटक लामो सम्बोधन गरे । तर सम्बोधनका क्रममा व्यक्त गरिएको एउटा वाक्यले राजनीतिक वृत्तदेखि सामाजिक सञ्जालसम्म तीव्र प्रतिक्रिया जन्माएको छ ।

प्रधानमन्त्रीले संसद्मा "भारतले मात्र होइन, नेपालले पनि भारतको केही भूमि मिचेको रहेछ" भन्ने आशय व्यक्त गरेपछि त्यसले राष्ट्रियता, कूटनीति र राज्यको आधिकारिक धारणासम्बन्धी गम्भीर प्रश्न उठाएको छ । कतिपयले यसलाई जिब्रो चिप्लिएको घटना भनेका छन् भने केहीले प्रधानमन्त्रीभित्रको वास्तविक भावना सार्वजनिक भएको टिप्पणी गरेका छन् । प्रधानमन्त्री स्वयंले पछि स्पष्टीकरण दिँदै आफ्नो आशय तथ्य प्रस्तुत गर्नु मात्र रहेको बताएका छन् र अभिव्यक्तिबाट भ्रम सिर्जना भएको स्वीकार गरेका छन् । तर यति संवेदनशील विषयमा प्रधानमन्त्रीस्तरको अभिव्यक्ति स्वाभाविक रुपमा सामान्य बहसभन्दा धेरै गम्भीर मानिन्छ ।

नेपाल-भारत सीमा विवाद नयाँ विषय होइन । कालापानी, लिपुलेक र लिम्पियाधुरालगायतका क्षेत्रबारे नेपालले लामो समयदेखि आफ्नो दाबी प्रस्तुत गर्दै आएको छ । संसद्बाट नयाँ नक्सा पारित भइसकेको अवस्था छ । विभिन्न अध्ययन, ऐतिहासिक दस्तावेज र नक्साका आधारमा नेपालका भूभाग अतिक्रमणमा परेको बहस वर्षौंदेखि चल्दै आएको छ । यस्तो पृष्ठभूमिमा नेपालकै प्रधानमन्त्रीले संसद्को रोष्ट्रमबाट नेपालले पनि छिमेकीको भूमि मिचेको अभिव्यक्ति दिनु स्वाभाविक रूपमा चासो र आशंकाको विषय बन्न पुगेको हो ।

प्रधानमन्त्रीले कुन भूभागको सन्दर्भमा यस्तो टिप्पणी गरेका हुन् भन्ने विषय अझै स्पष्ट भएको छैन । यदि कुनै प्राविधिक, प्रशासनिक वा सीमांकनसम्बन्धी विवाद हो भने त्यसलाई स्पष्ट रूपमा तथ्यसहित प्रस्तुत गर्न सकिन्थ्यो । तर अस्पष्ट शैलीमा गरिएको टिप्पणीले जनस्तरमा भ्रम र आक्रोश बढाएको देखिन्छ । राष्ट्रिय हितसँग सम्बन्धित विषयमा बोल्दा नेतृत्व तहबाट अत्यन्त सावधानी अपेक्षा गरिन्छ । किनभने प्रधानमन्त्रीको अभिव्यक्ति केवल व्यक्तिगत धारणा नभई राज्यको दृष्टिकोणका रूपमा समेत बुझिने गर्दछ ।

नेपालको इतिहास आफैंमा भू-राजनीतिक पीडासँग जोडिएको छ । सन् १८१६ को सुगौली सन्धिपछि नेपालले ठूलो भूभाग गुमाएको ऐतिहासिक तथ्य बारम्बार चर्चामा आउने गरेको छ । इतिहासकारहरूका अनुसार नेपालले त्यसयता आफ्नो ऐतिहासिक भूभागको प्रश्नमा स्पष्ट र प्रभावकारी कूटनीतिक पहल गर्न सकेको छैन । यही कारण नेपाली समाजमा राष्ट्रियता र सीमा सम्बन्धी विषय अत्यन्त संवेदनशील मानिन्छ । यस्तो अवस्थामा राज्य नेतृत्वबाट आउने प्रत्येक शब्द जनभावनासँग प्रत्यक्ष जोडिन्छ।

प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर विभिन्न राजनीतिक कोणबाट पनि व्याख्या हुन थालेका छन् । कतिपयले यसलाई छिमेकी राष्ट्रलाई सन्देश दिन खोजिएको रूपमा बुझेका छन् भने केहीले आन्तरिक राजनीतिक दबाब वा मधेशकेन्द्रित बहससँग जोडेर टिप्पणी गरेका छन् । सामाजिक सञ्जालमा त यसलाई "सिक्किमीकरण" जस्ता आशंकासँग जोडेर समेत चर्चा गरिएको छ । यद्यपि प्रमाणबिना यस्ता निष्कर्ष निकाल्नु उचित हुँदैन । लोकतन्त्रमा आलोचना स्वाभाविक हो, तर राष्ट्रिय संवेदनशीलताका विषयमा संयमित बहस अझ आवश्यक हुन्छ ।

नेपाल दुई ठूला शक्तिशाली राष्ट्र चीन र भारतको बीचमा रहेको सानो तर सार्वभौम देश हो । भूराजनीतिक हिसाबले संवेदनशील अवस्थिति भएकाले नेपालले आफ्नो कूटनीतिक सन्तुलन जोगाउन सधैं सजग रहनुपर्छ । राष्ट्रियता, सीमा र सार्वभौमिकताजस्ता विषयमा सरकारको धारणा स्पष्ट, सन्तुलित र आत्मविश्वासी हुनुपर्छ । अन्यथा गलत सन्देशले अन्तर्राष्ट्रिय रूपमा समेत असर पार्न सक्छ।

हामीले कसैको भूमि मिच्नु हुँदैन भन्ने जति सत्य हो, आफ्नो भूमि र राष्ट्रिय स्वाभिमानको रक्षा गर्नु पनि त्यत्तिकै आवश्यक छ । सीमा समस्या समाधान गर्ने माध्यम आक्रोश होइन, तथ्य, प्रमाण, संवाद र कूटनीतिक पहल नै हुन् । तर यस्ता विषयमा जिम्मेवार नेतृत्वबाट आउने अस्पष्ट अभिव्यक्तिले जनतामा अन्योल र असन्तोष पैदा गर्न सक्छ ।

प्रधानमन्त्रीको पछिल्लो भनाइले एउटा महत्वपूर्ण प्रश्न भने उठाएको छ– राष्ट्रिय हितसँग सम्बन्धित विषयमा राज्य नेतृत्व कति सजग छ ? यदि यो केवल जिब्रो चिप्लिएको घटना हो भने भविष्यमा यस्ता कमजोरी नदोहोरिनु आवश्यक छ । तर यदि यसले कुनै गहिरो राजनीतिक सोच वा धारणा संकेत गर्छ भने सरकार त्यसबारे स्पष्ट हुनुपर्छ ।

राष्ट्रको नेतृत्व गर्ने व्यक्तिका शब्दहरू केवल भाषणका अंश हुँदैनन् । ती देशको आत्मविश्वास, कूटनीति र राष्ट्रिय दृष्टिकोणका प्रतिनिधि पनि हुन्छन् । त्यसैले संवेदनशील विषयमा बोल्दा शब्द चयनमा गम्भीरता, स्पष्टता र जिम्मेवारी अपरिहार्य हुन्छ ।

# सेवा प्रवाहमा सुधारको प्रयास, फ्रन्ट डेस्कका कर्मचारीलाई नागरिक केन्द्रित प्रशिक्षण

भञ्ज्याङ समाचारदाता/काठमाडौं

आम नागरिकले सरकारको उपस्थिति र व्यवहार महसुस गर्ने पहिलो ठाउँ हो, सरकारी कार्यालयको 'फ्रन्ट डेस्क' । अर्थात सोधपुछ र दर्ता चलानी शाखा हो । सार्वजनिक निकायमा सेवा लिन जाँदा प्रायः नागरिकले भोग्ने साझा नियति हो, कर्मचारीको रूखो बोली, उदासीन अनुहार र एक कोठाबाट अर्को कोठा धाउनु पर्ने बाध्यता । लामो समयदेखि यही संवेदनशील ठाउँमा बस्ने कर्मचारीहरू सधैं कार्यबोझको दबाबमा रहने, उत्प्रेरित नहुने र कतिपय अवस्थामा नागरिकप्रति संवेदनशील नहुँदा समग्र सरकारकै छविमाथि प्रश्न उठदै आएको थियो ।

सोही संवेदनशीलतालाई चिर्न सरकारले पहिलोपटक 'नागरिक केन्द्रित सार्वजनिक सेवा प्रशिक्षण' अभियान सुरू गरेको छ । जसले सरकारी सेवा प्रवाहको पहिलो ढोका मानिने 'फ्रन्ट डेस्कको अनुहार' बदल्ने अपेक्षा गरिएको छ । सरकारको १०० बुँदे प्राथमिकता प्राप्त कार्यक्रमअन्तर्गत सुरू गरिएको यो तालिम अहिलेसम्मकै फरक र 'मानव-केन्द्रित' छ ।

विगतमा प्रशासनिक संरचना, भौतिक पूर्वाधार र प्रविधि सुधारमा मात्रै राज्यको लगानी केन्द्रित हुने गरेकोमा यसपटक भने सेवा प्रवाहको अग्रपङ्क्तिमा खटिने मानव संशाधनको आचरण सुधार्न जोड दिइएको भूमि व्यवस्थापन, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ ।

फ्रन्ट डेक्समा काम गर्ने तीन हजार २०४ कर्मचारीको विवरण संकलन भइसकेको छ । मन्त्रालयले पहिलो चरणमा संघीय सरकार मातहतका विभिन्न मन्त्रालय र विभागका फ्रन्ट डेस्कमा कार्यरत सहायक स्तरका ६६० र अधिकृत स्तरका

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ । रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ

**वृष**
टाढिएका साथीभाइ नजिकिनेछन् र मित्रता नै दिगो लाभको संवाहक बन्न सक्छ ।

**मिथुन**
परिश्रम परे पनि समय निकै फलदायी रहनेछ । सहयोगीहरूले राम्रो साथ दिनेछन् ।

**कर्कट**
साहसी काम गरेर अरूको मन जित्न सकिनेछ । प्रतिपक्षीहरु समेत सहयोगी बन्नेछन् ।

**सिंह**
मिहिनेत गर्दा अप्ठ्यारो परिस्थितिमा पनि केही काम बन्नेछन् । तर आयस्रोत कमजोर बन्नेछ ।

**कन्या**
दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ । पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ ।

**तुला**
सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ।

**वृश्चिक**
पहिलेको दुविधाले निर्णायक मोड लिनेछ । भौतिक सुविधा जुटाउन सकिनेछ ।

**धनु**
कामको मेसो नमिल्दा पछि परिनेछ । अरूका लागि बुद्धि खर्चनुपर्ला । लक्ष्यअनुसार समयमै काम बन्नेछ।

**मकर**
रोकिएको काममा दोहोर्याएर प्रयत्न गर्नुहोला । पछि फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ ।

**कुम्भ**
परिबन्धले समस्या निम्त्याउन सक्छ । चुनौतीभित्र अवसर खोज्ने समय छ ।

**मीन**
भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला । सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ ।

# बालबालिकासंग हुँदा फोन टाढा राख्न आग्रह

रासस/एएफपी/स्टकहोम

स्विडेनको सार्वजनिक स्वास्थ्य एजेन्सीले आमाबाबुको मोबाइल प्रयोगले बालबालिकाको व्यवहार, बानी र पारिवारिक अन्तरक्रियामा असर पार्न सक्ने निष्कर्ष सार्वजनिक गर्दै बालबालिकासँग समय बिताउँदा फोन प्रयोग सीमित गर्न आग्रह गरेको छ । नयाँ सिफारिसमार्फत एजेन्सीले आमाबाबुलाई बच्चासँग हुँदा सकेसम्म फोन टाढा राख्न र अत्यावश्यक अवस्थामा मात्र प्रयोग गर्न सुझाव दिएको हो ।

स्विडेनको जनस्वास्थ्य एजेन्सीले सोमबार जारी गरेको नयाँ मार्गनिर्देशन स्क्रिन प्रयोगसम्बन्धी पछिल्ला अनुसन्धानमा आधारित रहेको जनाएको छ । एजेन्सीले सन् २०२४ देखि नै आमाबाबुलाई बालबालिकाको वरिपरि स्मार्टफोन प्रयोगबारे सचेत हुन सुझाव दिँदै आएको भए पनि यसपटक थप स्पष्ट र व्यवहारिक सल्लाह अघि सारेको छ ।

स्वास्थ्य प्राधिकरणले जारी गरेको वक्तव्यमा भनिएको छ, "जब तपाईं आफ्नो बच्चासँग हुनुहुन्छ, आफ्नो फोन टाढा राख्नुहोस् । आवश्यक परेमा मात्र प्रयोग गर्नुहोस् वा बच्चासँगै प्रयोग गरिरहनुभएको अवस्थामा मात्र प्रयोग गर्नुहोस् ।"

एजेन्सीले आमाबाबुलाई आफ्नै जीवनमा पनि 'स्वस्थ स्क्रिन बानी' विकास गर्न आग्रह गरेको छ । यसको कारण के हो भने बालबालिकाले वयस्कहरुको व्यवहारबाट प्रत्यक्ष प्रभाव ग्रहण गर्ने भएकाले आमाबाबुको डिजिटल बानीले उनीहरूको आचरण निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने अनुसन्धानले देखाएको छ ।

स्वास्थ्य एजेन्सीका अनुसार अध्ययनहरूले आमाबाबुको अत्यधिक स्क्रिन प्रयोगले बालबालिकासँग हुने प्रत्यक्ष संवाद र भावनात्मक सम्बन्धमा नकारात्मक असर पार्न सक्ने देखाएका छन् । त्यस्तै, धेरै समय मोबाइल वा अन्य स्क्रिनमा बिताउने आमाबाबुका बच्चाहरूमा पनि त्यस्तै बानी विकास हुने सम्भावना उच्च रहने उल्लेख गरिएको छ ।

नयाँ सिफारिसमा घरभित्र 'स्क्रिन-मुक्त क्षेत्र' बनाउने अभ्यासलाई पनि प्राथमिकता दिइएको छ । एजेन्सीले शयनकक्ष, खाना खाने टेबल वा परिवार सँगै समय बिताउने स्थानहरूमा मोबाइल तथा अन्य स्क्रिन उपकरणको प्रयोग नगर्न सुझाव दिएको छ ।

एजेन्सीमा कार्यरत मनोचिकित्सक हेलेना फ्रिलिङ्स्डोर्फले बालबालिकाले केवल वयस्कका शब्द मात्र नभई, उनीहरूको व्यवहार पनि नजिकबाट सिक्ने बताउनुभयो । उहाँले विज्ञप्तिमा भन्नुभएको छ, "बालबालिकाहरु वयस्कहरूले के भन्छन् भन्ने कुराले मात्र प्रभावित हुँदैनन्, उनीहरूले वयस्कहरूले के गर्छन् भन्ने कुरा पनि हेर्छन् । त्यसैले दैनिक जीवनका साना परिवर्तनहरुले तत्कालको पारिवारिक अन्तरक्रिया र दीर्घकालमा बच्चाको आफ्नै बानी दुवैमा प्रभाव पार्न सक्छन् ।"

हालका वर्षहरूमा स्विडेनले बालबालिकाको अत्यधिक स्क्रिन समय घटाउन विभिन्न नीति र कदम अघि बढाउँदै आएको छ । त्यसैको निरन्तरतामा जनवरीमा सरकारले कक्षा ९ सम्मका विद्यार्थीका लागि विद्यालयभित्र स्मार्टफोन प्रयोगमा प्रतिबन्ध लगाउने योजना सार्वजनिक गरेको थियो । यो नियम लागू भएमा करिब १५-१६ वर्ष उमेरसम्मका बालबालिकाहरु विद्यालयमा स्मार्टफोन प्रयोग गर्न पाउने छैनन्।

स्विडेनको पछिल्लो सिफारिसलाई केवल फोन प्रयोग घटाउने प्रयासका रूपमा मात्र नभई परिवारभित्र प्रत्यक्ष संवाद, सहभागिता र स्वस्थ डिजिटल संस्कार प्रवर्द्धन गर्ने अभियानका रूपमा पनि हेरिएको छ ।

**बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ताः** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।

**आमाः** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ताः** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमाः** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ताः** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पऱ्यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ ।

**आमाः** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
www.bhanjyangnews.com

# चियाबारीको हरियालीमा ........

छ । एकै रातमा करिब ४०० पाहुनालाई बसोबास गराउन सक्ने क्षमता रहेको घरबासमा पर्यटकीय याममा दैनिक ६०० जनासम्म पर्यटक बस्ने गरेको घरबास सञ्चालक सदस्य देवराज गुरूङले बताउनुभयो ।

"यहाँ मुख्य रूपमा आन्तरिक पर्यटक आउने गर्छन् । पोखरा, तनहुँ, स्याङ्जा, बागलुङलगायत जिल्लाबाट पर्यटकको आवागमन बढी हुन्छ", उहाँले भन्नुभयो, "कोभिड-१९ पछि विदेशी पर्यटकको संख्या केही घटे पनि पोखराबाट नजिकको दूरीमा रहेकाले जुनसुकै मौसममा घुम्न आउनेको कमी छैन।"

घरबासमा बस्ने पर्यटकलाई स्थानीय जीवनशैलीसँग घुलमिल हुने अवसर प्रदान गरिन्छ । इच्छुक पाहुनालाई करेसाबारीमा लगेर खेतीपाती गर्ने तरिका सिकाइन्छ भने स्थानीय परिकार बनाउने विधि देखाइन्छ । यसले पर्यटकलाई ग्रामीण जीवनको वास्तविक अनुभव दिलाउने गरेको छ ।

ल्वाङको भान्सामा पनि स्थानीय उत्पादनलाई प्राथमिकता दिइन्छ। गाउँमै उत्पादन हुने मकै, कोदो, जौ, गहुँ र तरकारीबाट तयार गरिएका परिकार यहाँको विशेषता हुन् । बर्खायाममा निउरो र टुसाका परिकारले विशेष स्वाद थप्छन् ।



प्राकृतिक सौन्दर्यका कारण ल्वाङ चलचित्रकर्मीहरूको पनि रोजाइमा परेको छ। नेपाली चलचित्र 'प्रसाद-२' र 'दुई नम्बरी' लगायत चलचित्रको छायाङ्कन यहाँ भइसकेको छ। चलचित्रमार्फत गाउँको सुन्दरता राष्ट्रियस्तरमा थप प्रचार भएको स्थानीयवासीको भनाइ छ ।

विदेशी रोजगारीका लागि गाउँ छाडेका केही युवाहरु अहिले फर्किएर पर्यटन व्यवसायमा संलग्न हुन थालेका छन् । घरबास, चियाखेती, कृषि तथा पर्यटनसँग सम्बन्धित अन्य गतिविधिबाट गाउँमै रोजगारीका अवसर सिर्जना हुन थालेपछि युवाहरूमा नयाँ आशा जागेको छ ।

स्थानीयवासीका अनुसार स्तरीय सडक, पदमार्ग, खानेपानी, होटल तथा अन्य पर्यटन पूर्वाधारको थप विकास गर्न सके ल्वाङले अन्तर्राष्ट्रिय स्तरको ग्रामीण पर्यटन गन्तव्यका रूपमा अझ सशक्त पहिचान बनाउन सक्छ ।

हरियाली चियाबारी, हिमालको अनुपम दृश्य, गुरूङ संस्कृतिको जीवन्तता र आत्मीय आतिथ्यको सङ्गमले ल्वाङ गाउँलाई गण्डकी प्रदेशकै महत्वपूर्ण ग्रामीण पर्यटन गन्तव्यका रूपमा स्थापित गराएको छ। प्रकृतिको काखमा बसेर ग्रामीण नेपालको मौलिक स्वाद लिन चाहनेहरूका लागि ल्वाङ आज एक अविस्मरणीय गन्तव्य बनेको छ । रासस

# सेवा प्रवाहमा सुधारको .............

३६० गरी जम्मा एक हजार २० जना कर्मचारीलाई लक्षित गरी तालिम प्रदान गरेको छ ।

यही जेठ ५ गतेदेखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमार्फत यो प्रशिक्षण तीव्रताका साथ अघि बढाइएको मन्त्रालयका सहसचिव एकदेव अधिकारीले जानकारी दिनुभयो ।

"नागरिकले कार्यालयमा पाइला टेक्ने बित्तिकै ठोक्किने ठाउँ फ्रन्ट डेस्क नै हो। तर, हिजोका दिनमा यो डेस्कमा बस्ने कर्मचारीहरु सधैँ दोहोरो मारमा पर्थे एकतर्फ सेवाग्राहीको भीड र दबाब, अर्कोतर्फ हाकिमहरूको ताकेता", सहसचिव अधिकारीले भन्नुभयो, "उहाँहरूलाई कुनै न यससम्बन्धी अभिमुखीकरण हुन्थ्यो, न त काम गर्ने हौसला नै ।"

मन्त्रालयअर्न्तगतको प्रशासन सुधार महाशाखा प्रमुख अधिकारीले पाठ्यक्रम र न्यूनतम लागतमा प्रभावकारी हुने खालको तालिम विधि तयार गरी कर्मचारीलाई तालिम दिन थालिएको जानकारी दिनुभयो । फ्रन्ट डेस्कका कर्मचारीहरूलाई नै केन्द्रित गरेर मावन केन्द्रित भएर यस तालिम तीन दिनका लागि मात्र भएपनि प्रभाबकारी साबित हुने मन्त्रालयको विश्वास छ ।

"अहिलेसम्मका हाम्रा प्रयास र लगानीहरु कार्यालयको भौतिक सजावट, उपकरण वा कार्य वातावरण सुधार्नमा मात्र बढी केन्द्रित थिए", तालिमको रणनीति र औचित्यबारे प्रष्ट पार्दै उहाँले भन्नुभयो, "भिडभाडमा आफूलाई कसरी शान्त राख्ने, सेवाग्राही र सुपरभाइजरसँग कसरी प्रभावकारी सञ्चार गर्ने भन्ने सिकाउन तीन दिनको तालिमले कर्मचारीको मनोबल उच्च बनाउनुका साथै समग्र सरकारप्रतिको नागरिकको दृष्टिकोणमा ठुलो सकारात्मक परिवर्तन ल्याउने अपेक्षा छ ।"

**के सिकाइँदैछ ?**

तालिम छोटो भए पनि यसको क्षेत्र निकै व्यापक र व्यावहारिक भएको मन्त्रालयको भनाइ छ । यसमा परम्परागत प्रशासनिक ज्ञानभन्दा बढी व्यवहारगत सुधार र आधुनिक प्रविधिको प्रयोगलाई समेटिएको छ ।

कर्मचारीहरूको दैनिक व्यवहार र आचरण सुधारमा विशेष जोड दिइएको छ, जसमा नागरिकप्रति देखाउनुपर्ने शिष्टाचार, कृतज्ञता, समानुभूति र कामप्रतिको तत्परता समावेश विषयमा प्रशिक्षित गराइँदैछ। सेवाग्राहीसँगको सम्बन्धलाई मजबुत बनाउन सञ्चार र अन्तर्वैयक्तिक सीप अन्तर्गत शारीरिक हाउभाउ, टेलिफोन शिष्टाचारका साथै इमेल, ह्वाट्सएप जस्ता आधुनिक सामाजिक सञ्जालको मर्यादित प्रयोग र सेवाग्राहीका कुरा सक्रियतापूर्वक सुन्ने तथा उहाँहरुलाई बुझाउने कला सिकाइनेछ ।

त्यसैगरी, फ्रन्ट डेस्कमा सधैँ आइपर्ने मानसिक दबाबलाई झेल्न कर्मचारीहरूलाई कार्यस्थलको वास्तविक कार्यचाप, विवाद र गुनासो व्यवस्थापन, आकस्मिक भीड नियन्त्रण तथा आत्म-तनाव व्यवस्थापनका व्यावहारिक उपायहरु सिकाइनेछ ।

तालिममा नवीनतम प्रविधि र सामाजिक समावेशीकरणलाई निकै महत्व दिइने बताइएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी र छिटोछरितो बनाउन कृत्रिम बौद्धिकता (एआई)को प्रयोग कसरी गर्ने भन्ने प्राविधिक ज्ञान यसमा समेटिएको छ । साथै, लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणको दृष्टिकोणबाट समाजका हरेक वर्गका सेवाग्राहीलाई कसरी सम्मानजनक व्यवहार गर्ने भन्ने चेतना जगाइनेछ। कर्मचारीले आफ्नो कार्यस्थलमा फर्केपछि दिगो सुधार ल्याउनका लागि सेवाउन्मुख सोचका साथ आ-आफ्नो व्यक्तिगत कार्ययोजना र प्रतिबद्धता समेत तयार पार्नुपर्नेछ।

सरकारी कर्मचारीहरुमा व्यावसायिकता विकासका लागि निजी क्षेत्रमा उत्कृष्ट सेवा प्रवाह गरिरहेका प्रतिष्ठित बैंक, वित्तीय संस्था, बहुराष्ट्रिय कम्पनी र होटलका अनुभवी प्रशिक्षक तथा व्यवस्थापकहरूलाई विज्ञका रूपमा आमन्त्रण गरिने बताइएको छ ।

सरकारले यसलाई १०० बुँदे कार्यक्रममै रहेको मुख्य कार्यसम्पादन सूचकसँग जोडेको छ । मन्त्रालयका सहसचिव अधिकारीका अनुसार अब प्रत्येक कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कन यही सूचकका आधारमा हुनेछ। उत्कृष्ट काम गर्ने फ्रन्ट डेस्कका कर्मचारीहरूलाई प्रोत्साहन गर्न उहाँहरूको कार्यसम्पादन मूल्याङ्कनमार्फत गर्न सकिनेछ ।

मन्त्रालयकाअनुसार तालिम लिएर कार्यस्थलमा फर्किएका कर्मचारीहरूको व्यवहारमा के कस्तो परिवर्तन आए नआएका भनि जाँच्न कार्यालय प्रमुखहरूलाई जिम्मेवार बनाइँदैछ । यसका लागि डिजिटल माध्यममार्फत सेवाग्राही र कार्यालय प्रमुख दुवैबाट प्रतिक्रिया लिइनेछ भने केन्द्रबाट आकस्मिक निरीक्षण र अनुगमन समेत गरिने रणनीति बनाइएको छ ।

असार मसान्तभित्र संघीय तहका एक हजार २० जनालाई भौतिक रूपमा तालिम दिने लक्ष्य राखिएको छ । यद्यपि देशैभरिका हजारौँ कर्मचारीलाई यसरी भौतिक रूपमा समेट्न समय र स्रोतको चुनौती छ । त्यसैले, आगामी आर्थिक वर्षदेखि यसलाई पूर्ण रूपमा 'अनलाइन ढाँचामा रूपान्तरण गर्ने गरी पाठ्यक्रम तयार पार्ने काम भइरहेको सहसचिव अधिकारीले बताउनुभयो । उहाँले फ्रन्ट डेस्कमा बस्नका लागि यो कोर्स अनिवार्य उत्तीर्ण गरेको हुनुपर्ने प्रणाली स्थापना गरिने बताउनुभयो। संघीय सरकारको यो सफल प्रयोगलाई चाँडै नै प्रदेश सरकारका सुशासन केन्द्रहरु र स्थानीय तहहरूसँग समेत समन्वय गरी देशैभरिका पालिका र जिल्लास्तरका कार्यालयहरूमा विस्तार गर्ने तयारी समेत भइरहेको छ । रासस




मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.इ.द.नं. २/२०७८/०७९




**उनबाट कपडा :** म्याग्दीको धवलागिरी गाउँपालिका-१ गुर्जामा भेडाको उनबाट कपडा बुन्दै स्थानीय हंशकुमारी छन्त्याल। उहाँले भेडाको उनबाट हाब्दुल, कम्बललगायतका कपडा बुन्ने गर्नुहुन्छ । *तस्बिर : कमल खत्री/रासस*

## facebook twitter



**Bhimarjun Acharya**
x.com/BhimarjunPhD

रास्वपाका नेता-कार्यकर्ता, समर्थक-शुभेच्छुक प्रधानमन्त्रीको सतप्रतिशत गलत अभिव्यक्तिलाई ठीक साबित गर्न यो हद सम्मको हर्कत नगरिदिनुस्। एकदिन मै यसको असर हाम्रो अखण्डतामा कति परिसक्यो, मनन् गर्नुस्। देश भन्दा ठूलो अर्को चीज हुदैन। गलत भन्न सक्नुहुन्न भने मौन बसिदिनुस् ।



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

मुलुकको कार्यकारी प्रमुख आफैले 'हामीले पनि अमुक मुलुकको सिमा मिचेका छौं' भन्नु खेदजनक कुरा हो। पहिलो, साँच्चै मिचेको भए पनि भन्न मिल्दैन। दोश्रो, नेपालले कसैको सिमाना मिचेको छैन। हो, दश गजामा नेपाल र भारतका नागरिकले जमिन भोगचलन गर्छन्। खुला सिमानाको कारणले गर्दा त्यसमा (नेपाल होस् वा भारत) कसैको आपत्ति प्रकट भएको थिएन।

प्रम बालेन्द्र शाहको यस्तो गलत अभिव्यत्तिलाई समेत समर्थन गर्ने, रफु भर्ने र तावेदारी गर्ने जमात अचम्मलाग्दो गरी सार्वजनिक हुँदैछ। सामाजिक स्खलनको यस्तो नमुना नेपाली समाजमा विरलै देखिन्थ्यो।



**Tara Nath Dahal**
x.com/tndahal7


नेपालमा राष्ट्रवाद, जातिवाद र गरिबी; बिसं २००७ यता कम्युनिष्टहरूको निरन्तर उर्जा श्रोत बन्यो। अब त्यो युग पटाक्षेप हुने आशा राखिएको थियो। तर बालेन्द्र र डोलप्रसादको अपरिपक्वताले ति फेरी जाग्ने भए।

रास्वपाले समयमा नै परिपक्वता तर्फ सोचेन भने देशले लोकतन्त्र र शान्तिको युग पाउँदैन।

# प्रधानमन्त्रीको अभिव्यक्तिप्रति एमाले तनहुँको आपत्ति

भञ्ज्याङ समाचारदाता/दमौली

नेपाल कम्युनिष्ट पार्टी (एमाले) जिल्ला कमिटी तनहुँले प्रधानमन्त्री बालेन्द्र शाहले संघीय संसदमा व्यक्त गरेको धारणाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।





पार्टीले जारी गरेको प्रेस विज्ञप्तिमा नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, राष्ट्रिय स्वाभिमान तथा भौगोलिक अखण्डताजस्ता संवेदनशील विषयमा प्रधानमन्त्रीबाट ऐतिहासिक यथार्थ, तथ्य तथा प्रमाणविपरीत अभिव्यक्ति आएको आरोप लगाएको छ।

विज्ञप्तिमा राष्ट्रको भूमि, सीमा र स्वाधीनतासम्बन्धी विषय कुनै एक दल, सरकार वा व्यक्तिको मात्र नभई सम्पूर्ण नेपाली जनताको साझा सरोकार रहेको उल्लेख गरिएको छ। यस्ता विषयमा संसदको रोष्ट्रमबाट दिइएको अभिव्यक्तिले नेपालको स्थापित राष्ट्रिय मान्यता, कूटनीतिक दाबी तथा राष्ट्रिय एकतालाई कमजोर बनाएको एमाले तनहुँको ठहर छ। एमाले तनहुँले उक्त अभिव्यक्तिलाई राष्ट्रहितविपरीत, गैरजिम्मेवार तथा खेदजनक भन्दै घोर निन्दा र भर्त्सना गरेको छ। साथै, प्रधानमन्त्रीले संसदमार्फत आफ्नो अभिव्यक्ति फिर्ता लिँदै नेपाली जनतासमक्ष माफी माग्नुपर्ने माग गरेको छ।

जिल्ला अध्यक्ष हरिराज कडेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा राष्ट्रिय हित र स्वाभिमानको विषयमा सबै पक्ष जिम्मेवार हुनुपर्ने उल्लेख गरिएको छ।

# पूर्वाधारमन्त्री लम्सालद्वारा निर्माणाधिन पुल निरीक्षण

भञ्ज्याङ समाचारदाता/दमौली

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले मादीमा निर्माणाधीन चार लेनको पुलको सोमबार निरीक्षण गरेका छन् । निरीक्षणपछि मन्त्री लम्सालले निर्धारित समयमा निर्माण पूरा गर्न निर्माता कम्पनीलाई निर्देशन दिए । पुलको भौतिक प्रगति ८४ प्रतिशत भएको छ ।

३१५ मिटर लामो पुलमा छ वटा स्पान हुनेछन् । पुल निर्माणको ठेक्का रू एक अर्ब २१ करोडमा दिइएको हो। मन्त्री लम्सालले सोमबारे मुग्लिन-पोखरा सडकखण्डअन्तर्गत पूर्वी र पश्चिमी खण्डको समेत भए जानकारी गराउनु, पूर्वाधार निर्माण तोकिएको समयमै सकिनुपर्दछ । ढिला सुस्ती हुनुहुँदैन। अब तोकिएको समयभित्रमै काम गर्नुहोला ।"

यसअघि मुग्लिन-पोखरा सडक आयोजना पश्चिम खण्ड आयोजना प्रमुख कृष्णबहादुर कुँवरले निर्माणाधीन पुलको हालसम्म भौतिक र वित्तीय प्रगति तथा आयोजनामा देखिएका समस्याबारे उनलाई जानकारी गराएका थिए। मन्त्री लम्सालसँगै अनुगमनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडगराज पौडेल सहभागी थिए ।



निरीक्षण गरेको मुग्लिन-पोखरा सडक आयोजना पूर्वी खण्डका सूचना अधिकारी इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिए ।

यस्तै, पूर्वाधार विकासमन्त्री लम्सालले पोखरा पृथ्वीचोकस्थित सेती नदीमाथि निर्माणाधीन सेती पुलको समेत निरीक्षण गरेका छन्। सो अवसरमा मन्त्री लम्सालले प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, आयोजना प्रमुख कुँवर, निर्माण कम्पनी, परामर्शदातालगायतसँग पुल निर्माणमा विलम्ब नगर्न र समस्या भए समाधान गरेर अघि बढ्न निर्देशन दिए ।

मन्त्री लम्सालले पछिल्लो पटक थप गरिएको समयावधि आगामी फागुन २१ गतेभित्रै काम सम्पन्न गर्न निर्देशनसमेत दिए । उनले भने, "काममा केही समस्या

सेती नदीको उत्तरतर्फका केही जग्गाधनी तथा व्यवसायीलाई सडकबाट एसियाली विकास बैंको नीतिअनुसार सडक पहुँच दिनुपर्ने कारणले दुई वटा घर भत्काउनु परेको र यसको क्षतिपूर्ति दिनुपर्नेलगायत विषयमा सहमति जुटाउन लामो समय लागेकाले आयोजना केही ढिलाइ भएको प्रमुख कुँवरले जानकारी गराए ।

क्षतिपूर्तिको विषय प्रशासनबाट टुङ्गो लागिसकेकाले अब काममा ढिलाइ नहुने जानकारी दिँदै आयोजना प्रमुख कुँवरले हालसम्म पुलको ६० प्रतिशत भौतिक प्रगति र वित्तीय प्रगति ५५ प्रतिशत भएको जानकारी गराए । विसं २०७९ साउन २६ गतेदेखि निर्माण सुरु गरिएको उक्त पुलको लागत रू एक अर्ब सात करोड छ ।

# अनुजालाई दुई वर्षका लागि शैक्षिक सामग्री सहयोग

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिकाको उदय माध्यमिक विद्यालय मा कक्षा ३ मा अध्ययनरत अनुजा गुरुङलाई दुई वर्षका लागि आवश्यक सम्पूर्ण शैक्षिक सामग्री सहयोग प्रदान गरिने भएको छ ।

आफ्नो हजुर आमा मनमाया गुरुङसँग बस्दै आएकी अनुजालाई कक्षा ३ र ४ अध्ययन अवधिभर आवश्यक पर्ने शैक्षिक सामग्री उपलब्ध गराइने सामाजिक अभियान्ता सुदिप गफ्फारले बताए।

उनका अनुसार विद्यालय अध्ययनका लागि आवश्यक कापी, किताब, झोला, पोसाक तथा अन्य शैक्षिक सामग्री समावेश गरिने छ। आर्थिक तथा पारिवारिक अवस्था कमजोर भएका बालबालिकाको शिक्षामा सहयोग पुगोस् भन्ने उद्देश्यले उक्त सहयोग कार्यक्रम अघि बढाइएको



अभियान्ता गफ्फारले बताए ।

यस सहयोगले अनुजाको अध्ययनलाई निरन्तरता दिन थप सहज हुने तथा शिक्षाप्रति उत्साह बढ्ने विश्वास गरिएको छ ।

# भिमादमा दुग्धवर्धक ........

महिला स्वास्थ्य स्वयंसेविका तथा सरोकारवालाहरूलाई आयुर्वेदिक जीवनशैली, प्राकृतिक उपचार पद्धति तथा मातृ-शिशु स्वास्थ्य प्रवर्द्धनसम्बन्धी विविध विषयमा जानकारी प्रदान गरिएको थियो ।

कार्यक्रममा सहभागीहरूले दुग्धवर्धक आयुर्वेदिक औषधि तथा जडीबुटीको प्रयोग, पोषणयुक्त आहार र स्तनपानको महत्वबारे उपयोगी जानकारी प्राप्त गरेको बताएका थिए । सहभागीहरूले यस्ता जनचेतनामूलक तथा स्वास्थ्य प्रवर्द्धनात्मक कार्यक्रमलाई आगामी दिनमा समेत निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याएका थिए ।

उक्त कार्यक्रममा भिमाद नगरपालिका का स्वास्थ्य शाखा प्रमुख, नगरपालिकाका कर्मचारी, स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

"स्वस्थ आमा, स्वस्थ शिशु, समृद्ध परिवार" भन्ने मूल नारासहित सम्पन्न कार्यक्रमले मातृ तथा शिशु स्वास्थ्य सुधार, पोषण प्रवर्द्धन तथा आयुर्वेदिक उपचार पद्धतिको प्रभावकारी विस्तारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको आयोजकले जनाएको छ।

# तनहुँका नौ पालिकामा रास्वपाको नयाँ नेतृत्व

भञ्ज्याङ समाचारदाता/दमौली

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तनहुँअन्तर्गत नौवटा पालिकामा नयाँ नेतृत्व चयन भएको छ । संगठन विस्तारअन्तर्गत रास्वपाले जिल्लाका दश पालिकामध्ये नौ पालिकामा नयाँ नेतृत्व चयन गरिएको जनाएको छ । अधिवेशन अन्तर्गत व्यास नगरसमितिमा चूडामणि दाहाल, भिमाद नगरसमितिमा उत्तम सुवेदी, भानु नगरसमितिमा विष्णु पोखेल, देवघाट गाउँसमितिमा बलबहादुर क्षेत्री, आँबुखैरेनी गाउँसमितिमा राम श्रेष्ठ, बन्दीपुरमा शम्भु श्रेष्ठ, घिरिङमा प्रेम थापा, शुक्लागण्डकी नगरमा हरिबहादुर खड्का र म्याग्दे गाउँ समितिमा मनोज अधिकारी सभापति चयन भएका छन् ।

अब ऋषिङ गाउँ समितिमा अधिवेशन हुन बाँकी रहेको छ । रास्वपाले आगामी असार ७ गते केन्द्रीय महाधिवेशन गर्ने तयारी गरिरहेकाले त्यसअन्तर्गत देशभर सङ्गठन सुदृढीकरण अभियान चलिरहेको छ । तनहुँमा पनि सोही अभियानअन्तर्गत वडा र पालिका तहमा नेतृत्व चयन तथा सङ्गठन पुनःसंरचनाको काम भइरहेको रास्वपा जिल्ला सभापति विश्व बास्तोलाले जानकारी दिए।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : व्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४